# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७३।०७।०२ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

---------------------------------------------------

सर्लाही जिल्ला स्थित विभिन्न विद्यालयहरुमा सरकारी लगानीको दुरुपयोग गरी भ्रष्टाचार र अनियमितता गरेको भन्ने गुनासोको सम्बन्धमा अनुसन्धान तथा छानबिन हुँदा जिल्ला शिक्षा कार्यालय, सर्लाहीबाट राम जानकी प्राथमिक विद्यालय, वत्रौल -४ सर्लाहीका नाममा निकासा भएको रकम रु. ३,८३,२००।- (तीन लाख त्रीयासी हजार दुई सय) विद्यालयका प्रधानाध्यापक आशुतोष कुमार यादव र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष संजय कुमार यादवको प्रत्यक्ष संलग्नतामा कुनै हिसाब-किताब नराखी जथाभाबी रुपमा खर्च गरी गराई हिनामिना गरी नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अनुसारको कसुर गरेको देखिएको हुँदा बिगो रु. ३,८३,२००।- (तीन लाख त्रीयासी हजार दुई सय) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र ३ को उपदफा (१) को देहाय (घ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(गणेश राज कार्की)
सह-सचिव एवं प्रवक्ता